# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ २६ गते २०४३ साल (अतिरिक्ताङ्क ४४ (ख)

## भाग ३

श्री ५ को सरकार

### पंचायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

वर्गीय सङ्गठन (चौथो संशोधन) नियमावली, २०४३

वर्गीय सङ्गठन नियमावली, २०३७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वर्गीय सङ्गठन ऐन, २०३६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "वर्गीय सङ्गठन (चौथो संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वर्गीय सङ्गठन नियमावली, २०३७ को नियम ४ मा संशोधन : वर्गीय सङ्गठन नियमावली, २०३७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४. गाउँ वा नगर प्रारम्भिक परिषद् : (१) प्रत्येक गाउँ वा नगर पञ्चायत क्षेत्रभित्र सम्बन्धित सङ्गठनका कम्तिमा पचास सदस्यहरू भएको एउटा गाउँ वा नगर प्रारम्भिक परिषद् गठन हुनेछ ।

626

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नेपाल भूतपूर्व सैनिक सङ्गठनका लागि पन्ध्र सदस्यहरू भए पनि गाउँ वा नगर प्रारम्भिक परिषद् गठन हुन सक्नेछ ।

(२) नेपाल मजदूर सङ्गठनको प्रारम्भिक परिषद् गठन गर्न मजदूर-हरूलाई औद्योगिक मजदूर, यातायात मजदूर तथा अन्य मजदूर गरी तीन समूहमा विभाजन गर्न र प्रत्येक समूहलाई दर्ता भएको औद्योगिक प्रतिष्ठानको आधारमा उप-समूह समेतमा विभाजन गर्न सकिनेछ । उप-समूह कायम गर्दा मजदूर संख्या पचास नपुग्ने औद्योगिक प्रतिष्ठानको हकमा त्यस्ता एक भन्दा बढी औद्योगिक प्रतिष्ठानहरूलाई मिलाई मजदूर संख्या कम्तिमा पचास पुऱ्याई एक उप-समूह कायम गर्न सकिनेछ ।

(३) प्रत्येक समूहबाट देहायबमोजिम प्रारम्भिक परिषद्मा प्रतिनिधित्व हुनेछः–

(क) पचासदेखि एक सय मजदूर संख्या भएको उप-समूहबाट सात जना सदस्य,

(ख) सो भन्दा बढी मजदूर भएको उप-समूहमा प्रत्येक १०० थप मजदूर संख्यामा एक जना थप सदस्य,

तर कुनै पनि उप-समूहको प्रतिनिधित्व पच्चीस जना सदस्य भन्दा बढी हुनेछैन ।

(ग) तीनै समूहबाट आएका प्रतिनिधिहरूको संख्या पचास नपुगेको अवस्थामा कुनै उप-समूहको पचासदेखि १०० मजदूर भएको उप-समूहबाट प्रतिनिधित्व हुने संख्या सातबाट बढाई आवश्यक संख्या पुऱ्याउन सकिनेछ ।"

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) गाउँ वा नगर प्रारम्भिक कार्य समितिको सभापति, उप-सभापति र सचिव गाउँ वा नगर प्रारम्भिक परिषद्को पदेन सभापति, उप-सभापति र सचिव हुनेछन् ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको निमय ७ को,–

(१) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) प्रारम्भिक कार्य समिति गठन नभएको कारणले वा अन्य कुनै कारणले कुनै इलाकाबाट प्रतिनिधित्व हुन नसकेको अवस्थामा त्यस्तो इलाकाको लागि श्री ५ को सरकारले मनोनीत गरी प्रतिनिधित्व गराउन सक्नेछ ।"

(२) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) जिल्ला कार्य समितिका सभापति, उप-सभापति र सचिव जिल्ला परिषद्को पदेन सभापति, उप-सभापति र सचिव हुनेछन् र अन्य पदाधिकारी तथा सदस्यहरू जिल्ला परिषद्का पदेन सदस्य हुनेछन् ।"

(३) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छः–

"(३क) प्रत्येक सङ्गठनको दुइवटा प्रारम्भिक कार्य समिति गठन नभै जिल्ला कार्य समिति गठन हुनेछैन ।"

५. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) प्रत्येक अञ्चल परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष र प्रत्येक जिल्ला कार्य समितिको सभापति पदेन सदस्य भएको अञ्चल कार्य समिति गठन हुनेछ ।"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) कुनै अञ्चलमा प्रत्येक सङ्गठनको दुइवटा जिल्ला कार्य समिति गठन नभै अञ्चल कार्य समिति गठन हुनेछैन ।"

(३) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) अञ्चल कार्य समितिका सभापति, उप-सभापति र सचिव अञ्चल परिषद्का पदेन सभापति, उप-सभापति र सचिव हुनेछन् र अन्य पदाधिकारी तथा सदस्यहरू अञ्चल परिषद्का पदेन सदस्य हुनेछन् ।"



625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) प्रत्येक सङ्गठनको केन्द्रीय परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र प्रत्येक अञ्चल कार्य समितिको सभापति पदेन सदस्य भएको केन्द्रीय कार्य समिति गठन हुनेछ ।"

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) केन्द्रीय कार्य समितिको सभापति, उप-सभापति र सचिव केन्द्रीय परिषद्को पदेन सभापति, उप-सभापति र सचिव हुनेछन् र अन्य पदाधिकारी तथा सदस्यहरू केन्द्रीय परिषद्का पदेन सदस्य हुनेछन् ।"

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

६३०



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।